# वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
६ नं. प्रदेश, नेपाल ।

☎०८३-५२०१४४
०८३- ५२१८४९
०८३-५२०७५०


## **फ्रिडम फोरम थापाथली, काठमाण्डौं बाट मिति २०७४/०५/२३ गते विभिन्न १८ प्रकारका प्रश्नहरु मार्फत माग भई मिति २०७४/०६/०२ गते उपलब्ध गराईएको सूचनाको विवरणः**

**निम्नः**

**प्रश्न नं. १:** यस कार्यालयको सूचना अधिकारी को तोक्नुभएको छ ? उहाँको नाम, पद, कोठा नं., फोन नं. र इमेल तथा अन्य सम्पर्क विधि भए सो समेतको विवरण ।

**उत्तरः** सूचना अधिकारीको नामः दिपेन सुवेदी, पदः प्रशासकिय अधिकृत, कोठा नं.: ६, फोन नं.: ०८३-५२०१२८ , ९८५८०६९६९० ,ईमेलः subedipen94@gmail.com

**प्रश्न नं. २:** यस कार्यालय अन्तरगतका वडा कार्यालयहरुमा पनि सूचना अधिकारी तोकिनुभएको छ/छैन ? छ भने सो कार्यालयको पनि उपरोक्त (प्रश्न नं. १) विवरण ।

**उत्तरः** वडा कार्यालयमा सूचना अधिकारी तोकिएको छैन ।

**प्रश्न नं. ३:** यस कार्यालयमा सूचना शाखा छ/छैन? छ भने सूचना शाखामा कतिजना कर्मचारी (को/को) हुनुहुन्छ र सो शाखा कहाँ छ ? सो को जानकारी ।

**उत्तरः** सूचना शाखा छ । सूचना शाखामा प्रशासकिय अधिकृत श्री दिपेन सुवेदीलाई सूचना अधिकारीको जिम्मेवारी तोकिनुका साथै १ जना सहयोगी कर्मचारी समेत रहनुभएको छ । सूचना शाखा नगर कार्यपालिकाको कार्यालय कोठा नं. १ मा रहेको छ ।

**प्रश्न नं. ४:** यस कार्यालयले सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम तीन/तीन महिनामा स्वतः सार्वजनिक गर्नुपर्ने २० प्रकारका सूचनाहरु के-कसरी सार्वजनिक गर्दैछ? सोको सम्बन्धमा गरिएको सूचना प्रवाहको प्रतिलिपि एक र सो को लागि अवलम्बन गरिएका माध्यमको विवरण ।

**उत्तरः** सूचनाको हक सम्बन्धी ऐन-२०६४ बमोजिम तिन/तिन महिनामा स्वतः सार्वजनिक गर्नुपर्ने २० प्रकारका सूचनाहरु सबै सार्वजनिक भएका छैनन् ।

**प्रश्न नं. ५:** यस कार्यालयमा सुसासन ऐन २०६४ बमोजिम सार्वजनिक सुनुवाई गरिन्छ वा गरिदैन ? गरिन्छ भने चालु आ.व. को लागि कुन-कुन मितिमा कहाँ कहाँ र के के सम्बन्धमा सार्वजनिक सुनुवाई गरिँदैछ सो सम्बन्धी विवरण । साथै सार्वजनिक सुनुवाई कार्यक्रम कार्यान्वयन गर्ने कुनै तेश्रो निकायलाई करार गरिएको छ भने सो निकायसँग गरिएको करार सम्झौताको प्रतिलिपि ।

**उत्तरः** सूशासन ऐन २०६४ बमोजिम सार्वजनिक सुनुवाई गरिन्छ। नगरका सम्पुर्ण सेवा प्रवाह सम्बन्धमा सार्वजनिक सुनुवाई हरेक आ.व. मा ३ पटक गर्ने गरिएको र यसका लागि असल शासन क्लव सुर्खेतसंग करार सम्झौता गरिएको छ । सम्झौता पत्र यसै साथ संलग्न राखिएको छ ।

**प्रश्न नं. ६:** यस कार्यालयले सूचना व्यवस्थापन सम्बन्धी कुनै निर्देशिका वा नीति वा कुनै कानुन बनाएको छ/छैन , छ भने सो को प्रमाणित प्रतिलिपि ।

**उत्तरः** सूचना व्यवस्थापन सम्बन्धी कुनै निर्देशिका, नीति वा कानुन बनाईएको छैन ।

**प्रश्न नं. ७:** यस कार्यालयले नागरिक वडापत्र राखेको छ/छैन ? छ भने कहाँ/कहाँ कतिवटा वडापत्र कसरी राखेको छ सो को विवरण । साथै नागरिक वडापत्र सँगालो प्रकाशन गरेको छ/छैन छ भने सो को एक प्रति ।

**उत्तरः** यस कार्यालयले नगर कार्यपालिकाको कार्यालयमा नागरिक वडापत्र सबैले देख्नेगरी कार्यालयको हाताभित्र राखेको छ । तर वडापत्र संगालो प्रकाशन गरेको छैन ।

**प्रश्न नं. ८:** यस कार्यालयको वेभसाईट छ छैन ? छ भने सो को डोमेन नाम तथा सो वेभसाईट अपडेट गर्ने जिम्मेवार अधिकारीको नाम तथा सम्पर्क विवरण ।

**उत्तरः** यस कार्यालयको वेभसाईट http://birendranagarmun.gov.np/ र यसको अपडेट गर्ने जिम्मेवार व्यक्ति सूचना अधिकारी हुनुहुन्छ ।

**प्रश्न नं. ९:** यस कार्यालयका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको सम्पत्ति विवरण संकलन गरिएको छ/छैन ? छ भने सो विवरण कहाँ र कसरी सुरक्षित राखिएको छ ? सो को जानकारी । कुनै पदाधिकारी वा कर्मचारीको विवरण सार्वजनिक गरिएको छ/छैन भने सो को प्रमाणित प्रतिलिपिहरु ।

**उत्तरः** यस कार्यालयका निर्वाचित पदाधिकारी तथा कर्मचारीको सम्पत्ति विवरण संकलन गरिएको छ ।निर्वाचीत पदाधिकारीहरुको सम्पत्ती विवरण यस कार्यालयको जिन्सी भण्डार शाखामा सुरक्षित गरिएको छ । पदाधिकारी तथा कर्मचारी कसैकोपनि विवरण सार्वजनिक गरिएको छैन तथापी हरेक बर्ष कर्मचारीको विवरण संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयमा पठाईने गरिएको छ ।

# वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
६ नं. प्रदेश, नेपाल ।

☎०८३-५२०१४४
०८३- ५२१८४९
०८३-५२०७५०


**प्रश्न नं. १०:** यस कार्यालयको निर्माण , आपुर्ति तथा सेवा सम्बन्धी विज्ञापनका लागि चालु आ.व. मा कति बजेट छुट्टाइएको छ ? सो विज्ञापनहरु प्रवाह गर्न के कस्तो नीति र कार्यक्रम बनाईएको छ सो सम्बन्धी जानकारी तथा त्यस्ता विज्ञापनहरु डिजिटल (ई) फरम्याटमा प्रवाह गरिन्छ गरिँदैन ? गरिन्छ भने कुन-कुन वेभसाईटमा गरिन्छ ? सो को जानकारी र लिङ्कहरु ।

**उत्तरः** निर्माण, आपुर्ती र सेवासम्बन्धी विज्ञापनका लागि चालु आ.व. मा रकम छुट्टाईएको छैन । निर्माण सम्बन्धी विज्ञापन E-Bidding मार्फत पनि गरिन्छ र यस कार्यालयको वेभसाईट http://birendranagarmun.gov.np/ मा समेत यसको सूचना प्रकाशन गरिन्छ ।

**प्रश्न नं. ११:** यस कार्यालयले सञ्चालन गरिने योजनाहरुको पारदर्शीताका लागि योजनास्थलमा होडिङबोर्ड राख्ने नीति छ/छैन ? छ भने चालु आ.व. मा कतिवटा योजनाको कतिवाट होर्डिङ बोर्ड कहाँ कहाँ राखिन्छ सो को जानकारी ।

**उत्तरः** श्रोत परिचालन निर्देशिका अनुसार रु. ५ लाख भन्दा माथिका योजनाहरुको पारदर्शीताका लागि हरेक योजनास्थलमा होडिङ बोर्ड राख्ने नीतिलाई अवलम्बन गर्ने गरिएको छ ।

**प्रश्न नं. १२:** यस कार्यालयले आफ्नो नगर वा गाउँ सभाबाट पारित भएको चालु आ.व. को बजेट तथा योजनाको विवरण प्रकाशन गरेको वा वेभसाईटमा राखेको छ-छैन, छ भने प्रकाशित पुस्तिका एक प्रति तथा वेभसाईटमा भए सो को लिङ्क विवरण ।

**उत्तरः** यस न.पा. को नगरसभाबाट पारित भएको बजेट तथा योजनाको विवरण सहितको पुस्तक छपाईको क्रममा रहेको छ । सोको Link: http://birendranagarmun.gov.np/sites/birendranagarmun.gov.np/files/Parisad%201%20final%20074.075.doc_.pdf

**प्रश्न नं. १३:** यस कार्यालयले आफ्ना काम कार्वाहीहरुमा जनसहभागिता सुनिश्चित गर्न कुनै कानुनी वा नीतिगत संरचना बनाएको छ-छैन ? छ भने सहभागिता सम्बन्धी कानुन वा नीति दस्तावेजको प्रतिलिपि ।

**उत्तरः** यस कार्यालयले आफ्ना काम कारवाहीहरुमा जनसहभागिता सुनिश्चित गर्न कुनैपनि कानूनी वा नीतिगत संरचना बनाएको छैन । तथापी स्थानीय स्वायत्त शासन ऐन २०५५ नियमावली २०५६ र श्रोत परिचालन निर्देशिका २०६९ अनुसार जनसहभागितालाई सुनिश्चितता प्रदान गर्ने गरिएको छ ।

**प्रश्न नं. १४:** यस कार्यालयले सेवा प्रवाह पुस्तिका प्रकाशन गरेको छ-छैन ? छ भने सो को एकप्रति ।

**उत्तरः** यस कार्यालयले सेवा प्रवाह पुस्तिका प्रकाशन गरेको छैन ।

**प्रश्न नं. १५:** यस कार्यालयले नागरिक संघसंस्था (एनजिओ, सामुदायिक संघसंस्था वा उपभोक्ता समुह एवं सहकारी संघ संस्था र पेशागत संघ संस्था आदि) हरुसँगको सहकार्य सम्बन्धी कुनै नीति वा कानुन बनाएको छ/छैन ? छ भने सो सम्बन्धी दस्तावेजहरुको प्रतिलिपि वा प्रति ।

**उत्तरः** यस कार्यालयले नागरिक संघसंस्थाहरुसंगको सहकार्य सम्बन्धी कुनैपनि नीति वा कानुन बनाएको छैन ।

**प्रश्न नं. १६:** यस कार्यालयको कार्य सम्पादनका क्रममा उत्पादन भएका तथ्याङ्क तथा दस्तावेज/अभिलेख र रेकर्डको डिजिटल फरम्याट के कस्तो रहेको छ, सो सम्बन्धी विवरण । त्यस्ता तथ्याङ्क तथा अभिलेख ओपनडाटा फरम्याटमा राखिएको छ छैन ? छ भने ती डाटा एवं रेकर्डमा सबैको पहुँच सहज छ छैन ? यस सम्बन्धी जानकारीहरु एवं विवरणहरु ।

**उत्तरः** कार्यसम्पादनका क्रममा उत्पादन भएका तथ्याङ्कको डिजिटल फरम्याट छैन ।

**प्रश्न नं. १७:** यस कार्यालयको योजना बैंक छ/छैन, छ भने सो सम्बन्धी विवरणहरु के कसरी राखिएका छन्, सो को जानकारी ।

**उत्तरः** यस कार्यालयमा योजना बैंक हालसम्म राखिएको छैन ।

**प्रश्न नं. १८:** यस कार्यालयमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको नामावली , जिम्मेवारी र पद तथा सेवाको प्रकार सम्बन्धी विवरण र साथै यस कार्यालयमा स्वीकृत कर्मचारी दरबन्दी संख्या र विषयगत विवरण ।

**उत्तरः** हाल यस कार्यालयको संगठन सर्वेक्षण भईनसकेको र कर्मचारी समायोजन समेतको टुंगो नलागेको हुँद साविकको वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको विवरण यसै पत्रसाथ संलग्न राखिएको छ ।

............................